nepalnewsexpressdaily.com

# नेपाल न्यूज एक्सप्रेस

Nepal News Express Daily

दैनिक

वर्ष : ३ | अंक :६३ | २०८० कात्तिक ४ गते शनिवार / 2023 October 21 Saturday | पृष्ठ : 8 | मूल्य रू. ०५/-

## पर्साको टिहुकी, भेडिअर्वा नाकाबाट खुलेयाम तस्करी, इन्स्पेक्टर र असई आर्थिक प्रभावमा





वीरगंज। पर्साको पश्चिमी ग्रामीण भेगमा पर्नेमा नेपाल–भारत सिमानाकासंग जोडिएको टिहुकी हुँदै खुलेयाम तस्करी भईरहेको पाईएको छ।

खुल्ला सीमानाकाको फाइदा उठाउँदै सीमावर्ती क्षेत्रमा तस्करहरूको रजगज कुनै नौलो विषय हैन। सीमानाकाबाट हुने आपराधिक गतिविधि तथा चोरी तस्करी नियन्त्रण गर्न नेपाल सरकारले ठाउँ–ठाउँमा सशस्त्र प्रहरी र नेपाल प्रहरी परिचालन गरेको छ। तर भारतसँग जोडिएको पर्साको ग्रामीण भेगमा पर्ने टिहुकी र भेडिअर्वा नाकाबाट खुलेयाम तस्करी भईरहेको पाईएको हो। जुन तस्करीको लाईनका लागि तस्कर समूहले प्रहरी चौकी टिहुकीका असई संजय कुमार सिंह र सशस्त्र प्रहरी बल बिओपी मिर्जापुरका प्रहरी निरीक्षक (इनस्पेक्टर) केशव सुवेदिलाई समेत आर्थिक प्रभावमा पारी मिलाई सकेको स्थानीय बताउँछन् । जुन मिलेमतो रहेको कुरा प्रहरी स्रोतले पनि दाबी गरेको छ ।

चाडपर्वको रौनक थपिएसंगै भारतको परसोतीपुर बजारबाट टिहुकी नाका हुँदै र भारतको भेडिअर्वादेखि नेपालको भेडिअर्वा नाका हुँदै दिनहु लाखौं मूल्य बराबरको कपडा, गेहुँ, धान, काजु, कुखुरा र कुखुराको चल्ला, राँगा भैसी लगायतको मालसामान तस्करीमार्फत नेपाल भित्रिरहेको छ।

यस्तै, पर्साको मिर्जापुर भलुवहीया नाकाको प्रयोग गरि ठुलो परिणाममा टायर, स्क्रेप ब्याट्री, बालुवा गिट्टी लगायतका सामग्री तस्करी माफर्त नै भारतको बसन्तपुर र मैनाटार बजारमा जाने गरेको छ।

छिपहरमाई गाउँपालिका वडा नं. २ का वडाअध्यक्ष महिन्द्र साह कलवारले सो विभिन्न नाकाहरू प्रयोग गरि भारतबाट गहुँको तस्करी गर्ने गरेको स्थानीय बताउँछन्। स्थानीयका अनुसार साहेव मियाँ तेली, गुलसन मियाँले पनि धान र गहुँको तस्करी गर्ने गरेको स्थानीय बताउँछन्। यस्तै, धनीलाल, हिमतलाल साह लगायतले बालुवा गिट्टीको तस्करी गर्ने गरेका छन्।

वडाअध्यक्ष साहले आफ्नै वडामा पर्ने टिहुकी नाकाबाट गत असोज २७ गते शनिवारका दिन भारतबाट तस्करीको माध्यमबाट दुई ट्याक्टर गेहुँ आयात गरेको स्थानीयले बताए। गुलशन मियाँले पनि सोही दिन सोही नाकाबाट दुई ट्याक्टर धान, गहुँ भित्रियाएका थिए।

यसरी नै प्रत्येक महिना यी तस्करी गर्ने व्यक्तिहरूले प्रहरीकै संरक्षमणमा मासिक संयौं ट्याक्टर धान, गहुँ भित्रियाउने गरेको स्थानीय बताउँछन् । जुन प्रत्यक्ष रूपमै पाईएको छ।

सशस्त्र प्रहरी बल मिर्जापुरका प्रहरी निरीक्षक (इनस्पेक्टर) केशव सुवेदी भारतबाट हुने गहुँ तस्करी बापत प्रति ट्याक्टर ४ हजार लिने गरेको छन् प्रहरी चौकी टिहुकीका असई संजय कुमार सिंहले भने ३ हजार लिने गरेको नाम नराख्ने शर्त मा एक जना प्रहरी बताउँछन्।

## सरकारद्वारा औद्योगिक प्रयोजनका लागि मरिच, केराउ र सुपारीको आयात खुला



काठमाडौं, ३ कार्तिकः सरकारले औद्योगिक प्रयोजनका लागि मरिच, केराउ र सुपारीको आयात खुला गरेको छ।

बिहीवार राजपत्रमा सूचना प्रकाशित गर्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले चालु आर्थिक वर्ष २०८०–८१ का लागि यी वस्तुको आयात खुला गरेको हो।

उद्योगको कच्चा पदार्थको रूपमा यी तीन प्रकारका वस्तुको आयातको कार्यविधि २०७८ को प्रक्रिया पूरा गरेर आयातको अनुमति दिएको राजपत्रको सूचनामा उल्लेख छ।

उद्योगको कच्चा पदार्थको रूपमा हार्मोनाइज्ड कोड ०७१३१००० को केराउ, हार्मोनी कोड ०८०२८००० को सुपारी र हार्मोनी कोड ०९०४११२० र ०९०४११३० को सेतो र कालो मरिच आयातका लागि मन्त्रालयले अनुमति दिएको हो।

नयाँ आर्थिक वर्ष शुरूहुने बित्तिक्कै यी वस्तुको आयात फुकुवा नगरिँदा उत्पादन प्रभावित चाउचाउ, मसला र गुट्खा उद्योगहरूले छिटो आयात खुलाउन सरकारको ध्यानाकर्षण गराएका थिए।

मसला उत्पादन गर्ने कम्पनी सेञ्चुरी, चाउचाउ उत्पादक चौधरी र पौष्टिक आहार उत्पादन गर्ने डाबर नेपालले यी वस्तुको आयात फुकुवाका लागि आग्रह गरेका थिए।

## २५ किलो गाँजा बरामद

वीरगंज, ३ कात्तिक।

जिल्ला प्रहरी कार्यालय, बाराले २५ किलो गाँजा बरामद गरेको छ। कात्तिक १ गते राति बारा, वडा न. ०७ सनफुलवामा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट खटिएको संयुक्त गस्ती टोलीले गस्ती जाने क्रममा चारपाँच जना पुरूषले प्रहरी टोली देख्ने बितिकै गाँजा फालेर भारततर्फ फरार भएका छन्।

प्रहरीले गाँजाको झोलाबाट ५ किलोको दरले २५ किलो गाँजा बरामद गरि जिप्रका, बाराका प्रवक्ता प्रनाउ दधिराम न्यौपानेले बताएका छन्।

## एकैदिन ४ वटा मोटरसाइकल चोरी गरेको आरोपमा गोसाइ पक्राउ

वीरगंज, ३ कार्तिक। वीरगंज महानगरमा एकै दिनमा चार वटा मोटरसाइकल चोरी गरेको आरोपमा एकजना युवक पक्राउ परेका छन्।



वीरगंजको विभिन्न स्थानबाट चारवटा मोटरसाइकल चोरी गरेको आरोपमा प्रहरीले रौतहटको कटहरिया नगरपालिका वडा नम्बर ८ घर भई हाल वीरगंज महानगरपालिका वडा नम्बर १६ बस्ने ३२ वर्षीय अजय गोसाईंलाई बिहीवार पक्राउ गरेको हो। गोसाईंले एक दिनमा चार वटा मोटरसाइकल चोरी गरेको वडा प्रहरी कार्यालय वीर्ताका प्रहरी निरीक्षक पुष्कर बोगटीले जानकारी दिए।

वीरगंजमा दसैंमा लागेको रात्रि बजार घुम्न आएकाहरूको मोटरसाइकल गोसाईंको समूहले चोरी गरेको बोगटीले बताए। उनका अनुसार गोसाईंको समूहले ती मोटरसाइकलहरू चोरी गरेर नारायणी अस्पतालको पार्किङमा लुकाएर राखेको थियो। ‘गोसाईंको समूहले एउटा मोटरसाइकल चोरी गर्ने, त्यसलाई लगेर नारायणी अस्पतालको पार्किङमा लुकाउने अनि फेरी आएर अर्को चोरी गर्ने गरेको थियो,’ बोगटीले भने।

प्रहरीले चोरी भएको प्रदेश – ०२ – ०२३ – ०२२ प ९२७२, ना. २६ प ५८५३, ना ६४ ३८०६ र ना. ५४ प ४७२४ मोटरसाइकल समेत बरामद गरेको छ।गोसाईंलाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाइएको र उनको समूहका अन्य सदस्यहरूको खोजी कार्य भइरहेको बोगटीले बताए।

## प्रति १० ग्राम दुई हजारले बढ्यो सुनको मूल्य

काठमाडौं, ३ कात्तिक : इजरायल–प्यालेस्टिन द्वन्द्व र अमेरिकी डलरको विनिमय दर थप मजबुत भएका कारण विश्वबजारमा यस साता सुनको मूल्यमा उच्च अङ्कले वृद्धि भएको छ। विश्वव्यापीरूपमा भएको मूल्यवृद्धिको प्रभाव आन्तरिक बजारमा समेत परेको छ।

नेपाली बजारमा पनि यो साताको पहिलो दिन आइतवार प्रति १० ग्राम रू ९६ हजार आठ सय ८० रहेको

## अन्यत्र ठाउँमा नगरसभा भएको विरोधमा प्रदर्शन

बारा, ३ कात्तिक। बाराको सिम्रौनगढ नगरपालिकाका उपमेयरसहित केही वडाध्यक्ष र वडासदस्यहरु आन्दोलनमा उत्रिएका छन् । तोकिएको समय र स्थानमा पूर्व सूचना अनुसार सिम्रौनगढ नपाको नगरसभा नभई अन्यत्र भएको विरोधमा उनीहरु आन्दोलनमा उत्रिएका हुन् ।

तोकिएको स्थानमा उपस्थित भएका उपमेयर नजबु नेसासहित केही वडाध्यक्षहरु मेयरको बाटो कुरिरहेका थिए तर मेयरलगायत अन्य समूहले अन्यत्र ठाउँमा नगरसभा भएको कुरा फेसबूकमार्फत थाहा पाएपछि उनीहरु आन्दोलनमा उत्रिंदै प्रदर्शन गर्दै नगरसभा भएको स्थानमा पुगेका थिए । प्रदर्शनकारीहरुले नगरपालिकामा तालाबन्दी गरी मुख्यमन्त्री सरोजकुमार यादव र मेयर किशोरीप्रसाद कलवारको पुतला जलाएका छन् ।

प्रदर्शनको क्रममा उनीहरुले मुख्यमन्त्रीले नपामा हस्तक्षेप गरेको आरोप लगाए । सिम्रौनगढ नपाका शिक्षा, स्वास्थ्य, कृषि शाखाका कर्मचारीहरु तलबभत्ताको माग गर्दै असोज ३० गतेदेखि नपामा धर्ना दिंदै आइरहेका छन् ।

## नक्कली पत्रकार तथा प्रहरीको नाममा पैसा उठाउने एकजना पक्राउ



रवि वर्णवाल र मनोजकुमार सहनी । तस्वीरः जिप्रका, बारा

वीरगंज, ३ कात्तिक।

जिल्ला प्रहरी कार्यालय बारा, कलैयाले पत्रकार हुँ भनी अफवाह फैलाउने नक्कली पत्रकार पक्राउ गरेको जनाएको छ।

दर्ता नै नभएको अनलाइन न्युज पोर्टल नामक फेसबूक पेज प्रयोग गरी विभिन्न पत्रकार तथा प्रहरीको चरित्रहत्या गर्ने मनसायले झुटा, कपोकल्पित र भ्रामक विषयहरू प्रकाशन गरेको तथा दशै खर्च माग गरेको उजुरीको आधारमा वीरगंज महानगरपालिका–१० अशोकवाटिका बस्ने वर्ष २६ को रवि कुमार वर्णवाललाई मिति प्रहरीले पक्राउ गरेको सूचना अधिकारी प्र.ना.उ. दधिराम न्यौपाने जानकारी गराएका छन्। यसैगरी जिल्ला प्रहरी कार्यालयको नाउँमा रकम उठाएको आरोमपा एकजनालाई पक्राउ गरेको प्रवक्ता न्यौपानेले बताए।

कलैया–१० मटिअर्वा नाकाबाट अवैध रूपमा कर छली गरी एलइडी भित्र्याउने उद्देश्यले जिल्ला प्रहरी कार्यालय बारामा कार्यरत एसपी र डिएसपीको नाममा तस्करसँग रकम सङ्कलन गरेको अभियोगमा मटिअर्वा वस्ने वर्ष ३७ को मनोज कुमार सहनीलाई पक्राउ गरेको प्रवक्ता न्यौपानेले बताएका छन्।

## नेपाल न्यूज एक्सप्रेस दैनिकको लागी

प्रकाशक : अमिर मंसुरी
कार्यकारी प्रकाशक : सहन पौडेल
सम्पादक : सञ्जना कुमारी
कार्यकारी सम्पादक : शाहरुख मंसुरी
कानुनी सल्हाकार : मेराज मियाँ
बजार व्यवस्थापक : आफताब राय
कम्प्युटर अपरेटर : मोरध्वज यादव
सम्पर्क कार्यालय : वीरगंज-१३ पर्सा (पावरहाउस)
मुद्रक : पौडेल अपसेट प्रेस, वीरगंज
सम्पर्क नं.: ९८५५०१२७०१
nepalnewsexpressdaily@gmail.com


# नागढुङ्गा सिस्नेखोला शुरूङमार्ग : जमिन भासिएको स्थानका प्रभावितलाई मासिक घर भाडा दिइने

काठमाडौं, ३ कात्तिक : नागढुङ्गा शुरूङमार्गको पूर्वी खण्डको बस्ती नजिक जमिन भासिएको स्थानका पीडितलाई मासिक घर भाडाको व्यवस्था मिलाउन लागिएको छ । यसका लागि चन्द्रागिरि नगरपालिका प्रमुख घनश्याम गिरीले पहल थाल्नुभएको छ ।

चन्द्रागिरि नगरपालिका, नगरस्तरीय विपद् व्यवस्थापन समितिको बिहीवारको बैठकले पीडिलाई तत्काल मासिक घर भाडाको व्यवस्था गर्न सिफारिस गर्ने निर्णय गरेको हो । बैठकले जमिन भासिएको स्थानको प्रभावित क्षेत्रका बासिन्दाहरूलाई स्थानान्तरण गर्न मासिक रू २० हजारदेखि रू २५ हजारसम्म घर भाडा व्यवस्थापन गर्न तथा थप घर प्रभावित भएमा सोहीअनुसार घर भाडा उपलब्ध गराउने गरी जिल्ला प्रशासन कार्यालय तथा अन्य सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरेको छ ।

बैठकमा नगरप्रमुख गिरीले बैठकमा तत्काल ११ घर परिवारको विवरण सङ्कलन भएको र उनीहरूलाई तत्काल स्थानान्तरण गरिने जानकारी गराउँदै थप प्रभावित भएमा सोहीअनुसार व्यवस्थापन गरिने बताउनुभएको थियो ।

उहाँले शुरूङमार्ग आयोजनाले तीन महिनाभित्र विस्तृत भौगोलिक सर्वेक्षण प्रतिवेदन उपलब्ध गराएपछि प्रभावित क्षेत्र घोषणालगायत मुआब्जा र अन्य विषयमा छलफल गरिने बैठकमा जानकारी गराउनुभएको थियो ।

नगरप्रमुख गिरीले भन्नुभयो, "नागढुङ्गा शुरूङमार्गको पूर्वी खण्डको बस्ती नजिक जमिन भासिएको स्थानका प्रभावित घरलाई तत्काल स्थानान्तरण गर्न घर भाडा उपलब्ध गर्न सिफारिस गरिएको छ । मुआब्जा र अन्य विषयमा पूर्ण भौगोलिक सर्वेक्षण प्रतिवेदन पछि थप निर्णय गरिने छ ।" बैठकमा नगरपालिकाका उपप्रमुख वसन्ती श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्याल, नगरपालिकाको विभिन्न विषयगत समितिका संयोजक, सुरक्षा संयन्त्रका प्रतिनिधि, सङघर्ष समितिका प्रतिनिधि, विभिन्न राजनीतिक दलका नेता साथै निर्माण आयोजनाका प्रतिनिधि उपस्थिति रहेको थियो ।

राष्ट्रिय गौरवको नागढुङ्गा सिस्नेखोला शुरूङमार्गको मुख्य टनेल 'ब्रेकथ्रू' अवस्थामा पुगेको बताइएको छ । मुख्य शुरूङमार्गको लम्बाइ दुई हजार छ सय ८८ मिटर र आकस्मिक टनेल 'रेस्क्यु टनेल' दुई हजार पाँचसय ७५ रहेको छ ।

### यसरी गरिएको थियो सहजीकरण

चन्द्रागिरि नगरपालिकाले सडक पूर्वाधारका क्षेत्रमा बहुप्रतिष्ठित सो आयोजनालाई अगाडि बढाउन शुरूआती चरणदेखि निरन्तर स्थानीय तहमा आवश्यक सहयोग तथा समन्वय प्रदान गरेकै कारण शुरूङमार्ग निर्माण अन्तिम चरणमा पुगेको बताइएको छ । नगरपालिकाले काठमाडौंतर्फको आयोजना प्रभावितलाई मुआब्जा वितरण तथा अन्य गुनासा सम्बोधन गर्न सहजीकरण गरेको थियो । यस प्रक्रिया अहिले पनि जारी छ । नगरप्रमुख गिरीले भन्नुभयो, "नगरपालिकाको साथ र सहयोगको सुनिश्चितताले मात्र शुरूङमार्ग आयोजना कार्यान्वयनमा आएको हो । विशेष गरी शुरूङमार्ग बनाउन काठमाडौंतर्फको समस्या मेरो पहलबाट सम्बोधन हुँदै आएका छन् ।"

नगरपालिकाका वडा नं १, ३ ५, ७ र १२ का स्थानीयवासी आयोजनाबाट बढी प्रभावित छन् । उनीहरूलाई उचित मुआब्जा दिलाउन तथा आयोजना प्रभावित क्षेत्रमा खानेपानी तथा अन्य पूर्वाधारका विकास गराउन नगरप्रमुख गिरीले विशेष चासो र सक्रियता देखाउँदै आउनुभएको छ ।

शुरूङमार्ग बनाउन सरकारले अधिग्रहण गरेका जग्गामध्ये काठमाडौंमा दुई सय ६७ र धादिङमा एक सय नौ रोपनी पर्छ । तीमध्ये अधिकांशले मुआब्जा पाइसकेको बताइएको छ । उहाँले भन्नुभयो, "शुरूङमार्गको सम्भाव्यता अध्ययनदेखि नै स्थानीयवासीले आयोजनाका विरूद्धमा आवाज उठाउन थाले । आयोजना नै फिर्ता हुने त होइन भन्ने खतरा थियो । चन्द्रागिरि नगर तथा देशको प्रतिष्ठासँग गाँसिएको आयोजना कार्यान्वयन गर्नुपर्छ भन्ने मेरो दृढ मान्यता थियो । विकास गर्दा विनाश हुनसक्छ तर स्थानीयवासीलाई संलग्न गराएर गरिने विकास दिगो हुन्छ । यही मान्यतालाई कार्यान्वयन गर्न अहोरात्र ध्यान दिएँ । आयोजना प्रभावितका उचित मागलाई सम्बोधन गराउन सङघीय सरकारसँग अनेकौं तह र चारणमा वार्ता गरेँ । प्राथमिकताका साथ पीडितका कुरा उठाएँ । उनीहरूलाई अधिकतम मुआब्जा दिलाउन सफलसमेत भएँ । आयोजनालाई कार्यान्वयनमा उतार्न समन्वन्वकारी भूमिका निर्वाह गरेँ । सङघीय सरकारले कार्यान्वयनमा ल्याएको आयोजनामा नगरपालिकाको भरपुर साथ र सहयोग मिलेको छ ।"

सरकारले आयोजना प्रभावित क्षेत्रमा पहिलो चरणमा बाटो नपुगेको जमिनलाई समेत प्रतिआना रू १० लाख तथा अन्य जमिनलाई अधिकतम रू ४६ लाखसम्म मुआब्जा प्रदान गरेको थियो । दोस्रो चरणमा 'फ्लाइओभर' बनाउने क्षेत्रका जमिनलाई न्यूनतम प्रतिआना रू ५७ लाख, पक्की घरका लागि छुट्टै, सबै जमिन परेकालाई थप १० प्रतिशत तथा घरटहरा हटाउन थप रकम प्रदान गरिरहेको जनाइएको छ । सवारीसाधन आवतजावतका लागि निर्माणाधीन नेपालकै पहिलो सो शुरूङमार्ग आयोजनाले नगरप्रमुख गिरीकै प्रस्तावअनुसार चन्द्रागिरि–२ मा रू १४ करोडको खानेपानी योजना सम्पन्न गरिदिएको छ ।

आयोजना प्रभावित वडा १ मा स्थानीयवासीका मागअनुसार खानेपानी योजना निर्माणाधीन छ भने अन्य सांस्कृतिकस्थल तथा मन्दिर संरक्षण गरिदिने आयोजनाले प्रतिबद्धता जनाएको छ । सो शुरूङमार्ग चन्द्रागिरि–३ टोटेपाखाबाट शुरू भई धादिङको धुनिबेँसी नगरपालिका–९ सिस्नेखोला निस्कने छ ।

नेपाल र जापानबीच दौत्य सम्बन्ध स्थापनाको ६०औँ वर्षगाँठका अवसरमा कार्यान्वयनमा आएको सो आयोजना विसं २०७६ कात्तिक ४ गते शिलान्यास गरिएको हो । नगरप्रमुख गिरीले भन्नुभयो, "राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनमा स्थानीय तहले कस्तो सहजीकरण तथा समन्वय गर्नुपर्छ भन्ने चन्द्रागिरि नगर नमूना बन्न सक्छ । स्थानीयवासीको अपनत्वले मात्र ठूला आयोजना कार्यान्वयनमा जान्छ । ठूला आयोजनाले ल्याउने समृद्धि ठूलो नै हुन्छ ।

# कात्यायनी देवी

नवरात्रको छैटौं दिन आज दसैंघरसहित पूजा कोठामा नौ दुर्गामध्येकी छैटौं कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गरिएको छ । प्रत्येक वर्ष आश्विन शुक्ल षष्ठी अर्थात दुर्गा पक्षको छैटौं दिन कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गर्ने वैदिक परम्पराअनुसार घटस्थापना गरेको स्थलमा आज विधिपूर्वक कात्यायनी देवीलाई आहवान गरी पूजा आराधना गरिएको हो । कात्यायनीको प्रतिमामा शार्दूल वाहन भएकी, दानव घातिनी, हातमा खड्ग लिएकी, एउटा चुल्ठो भएकी, कानमा जपापुष्प (एक प्रकारको फूल) तथा यार्लिङ लगाएकी, गधामा बसेकी, नग्न, ठूलठूला ओठ भएकी र शरीरमा तेल घसेकी स्वरूपकी हुन्छिन् भन्ने गरेको पाइन्छ । यस्ती देवीको आज विशेष पूजा आराधना गरिन्छ ।

नवरात्रको पहिलो दिन असोज २८ गते आइतवार दसैंघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौंको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आहवान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो । दसैं शुरू भएदेखि सबै देवीका मन्दिरहरूमा पूजा गर्नेहरूको आज पनि भीड लागेको छ । काठमाडौं उपत्यकाका गुह्येश्वरी, मैतिदेवी, दक्षिणकाली, भद्रकाली, नक्साल भगवती, कालिकास्थान, शोभा भगवती, तलेजुभवानी, विजेश्वरी, इन्द्रायणीलगायत मन्दिरमा पूजाआजा गर्नेहरूको घटस्थापनादेखि नै चहलपहल शुरू भएको छ । उपत्यकाबाहिर धरानको दन्तकाली, भोजपुरको सिद्धकाली, ताप्लेजुङको पाथीभरा, गोरखाको मनकामना, दाङको अम्बिकेश्वरी, डडेल्धुराको उग्रतारा, बैतडीको त्रिपुरासुन्दरी, डोटीको शैलेश्वरीलगायत शक्तिपीठहरूमा पनि भक्तजनको घुईंचो लागेको छ । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्भागवतलगायत देवी स्तोत्र पाठसमेत गर्ने गरिन्छ ।


## हार्दिक मङ्गलमय शुभकामना





विजया दशमी, शुभ दीपावली र छठ पर्वको अवसरमा सम्पूर्ण देश-विदेशमा छरिएर रहेका नेपालीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।





मनोज कुमार गुप्ता (अध्यक्ष)





लीलावतीदेवी कानू (उपाध्यक्ष)





सिकिन्द्रप्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत

छिपहरमाई गाउँपालिका परिवार, पर्सा
गाउँकार्यपालिकाको कार्यालय
पर्सा, मधेस प्रदेश

# अन्तर्राष्ट्रिय समाचार

## इजराइली आक्रमणमा थुप्रैको मृत्यु भएको छ : हमास

गाजापट्टी, प्यालेस्टिनी अधिनस्थ क्षेत्र, ३ कात्तिक (राससरएएफपी) :

बिहीवार अबेर भएको इजराइली हमलामा गाजामा एउटा चर्चमा आश्रय लिएर बसेका थुप्रै विस्थापितहरूको मृत्यु भएको र धेरै घाइते भएको हमास नियन्त्रित आन्तरिक मामिला मन्त्रालयले बताएको छ ।

मन्त्रालयका अनुसार गाजा शहरस्थित ग्रिक अर्थोडक्स सेन्ट पोरफाइरस चर्चका परिसरमा भएको हमलामा 'ठूलो संख्यामा सहित र घाइते' भएका छन् । प्रत्यक्षदर्शीहरूले एएफपीलाई दिएको जानकारीअनुसार प्लालेस्टिनी क्षेत्रमा भएको युद्धपछि थुप्रै गाजाबासीले शरण लिएको चर्चनजिकै लक्षित गरी हमला गरेको देखिन्छ । इजराइली प्रतिरक्षा फौज (आईडीएफ) ले इजराइलतर्फ रकेट र मोर्टार प्रक्षेपणमा संलग्न कमान्ड र कन्ट्रोल सेन्टरलाई लक्षित गरी आफ्ना लडाकू विमानले आक्रमण गरेको बताएको छ । "आईडीएफले गरेको हमलाबाट एउटा चर्चको पर्खाल क्षतिग्रस्त भएको छ, हामी हताहतको रिपोर्टवारे सचेत छौँ, घटनाको समीक्षा गरिरहेका छौँ", आईडीएफले भनेको छ ।

प्रत्यक्षदर्शीहरूले आक्रमणमा चर्चको बाहिरी भाग क्षतिग्रस्त भएको र छेउको एउटा भवन भत्किएको भन्दै घाइते धेरैलाई अस्पताल लगिएको बताएका छन् । पोरफाइरस अझै पनि सञ्चालनमा आएको गाजामा सबैभन्दा पुरानो चर्च हो । जेरूसेलमको अर्थोडक्स प्रमुखले आफ्नो चर्च परिसरमा भएको हमलाको 'कडा निन्दा' गरेका छन्।

## युक्रेनमाथि आक्रमणका लागि पुटिनद्वारा सैन्य मुख्यालयको भ्रमण

मस्को, ३ कात्तिक/एएफपी

रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेन हमलाको निरीक्षण गरिरहेको रोसतोभ-अन-डनस्थित सैन्य मुख्यालयको भ्रमण गरेका क्रेमलिनले शुक्रवार बताएको छ ।

"पुटिनले पर्मबाट फर्किने क्रममा रोसतोभ-अन-डनमा रूसी सशस्त्र फौजको मुख्यालयको भ्रमण गर्नुभयो", क्रेमलिनले एक विज्ञप्तिमा भनेको छ । युराल्सस्थित पर्म शहरमा पुटिनले बिहीवार बिताउनुभएको थियो ।

सेना प्रमुख भ्यालेरी गेरासिमोभले युक्रेनमाथिको आक्रमणको अवस्था वारेमा पुटिनलाई जानकारी गराउनुभएको थियो । सन् २०२२ फेब्रुअरीमा रूसले युक्रेनमाथि आक्रमण शुरू गरेको हो ।

युक्रेनले रूससँगको युद्धमा पहिलोपटक अमेरिकाले दिएको एटीएसीएमएस लामो दूरीको मिसाइल प्रयोग गरेको मङ्गलवार घोषणा गरेपछि पुटिनले सैन्य मुख्यालय भ्रमण गरी सेनाप्रमुखसँग भेट गरेका हो ।

बुधवार पुटिनले एक सय ६५ किलोमिटरसम्म मार हान्न सक्ने मिसाइलले युद्धमा कुनै प्रभाव नपार्ने भन्दै यसले युक्रेनको 'पीडा' लाई बढाउने मात्र बताउनुभयो । रासस

## क्यानाडाले भारतबाट ४१ कूटनीतिज्ञलाई फिर्ता बोलायो

क्यानाडा र भारतबीच जारी विवादका कारण क्यानाडाले भारतबाट ४१ कूटनीतिज्ञ र उनीहरूको परिवारका ४२ सदस्यलाई फिर्ता बोलाएको क्यानाडाका विदेशमन्त्री मेलानी जोलीले घोषणा गरेका छ ।

"अहिलेसम्म भारतले भोलि अक्टोबर २० (शुक्रवार) सम्ममा नयाँदिल्लीमा रहेका २१ क्यानाडाली कूटनीतिज्ञ र आश्रितबाहेक सबैलाई अनैतिकरूपमा कूटनीतिक उन्मुक्ति हटाउने उसको योजनावारे औपचारिकरूपमा बताएको म पुष्टि गर्न सक्दछु, यसको अर्थ ४१ क्यानाडाली कूटनीतिज्ञ र तिनीहरूका ४२ आश्रितमाथि कुनै मनमानी मितिमा उन्मुक्ति हटाउने खतरा थियो र यसले उनीहरूको व्यक्तिगत सुरक्षा जोखिममा पर्नेछ", क्यानाडाली कूटनीतिज्ञहरूको प्रस्थानको पुष्टि गर्दै मन्त्री जोलीले भन्नुभयो । दुई मुलुकबीच जारी कूटनीतिक विवादका कारण 'समानता' को माग गर्दै भारतले क्यानाडाको भिसा सञ्चालन निलम्बनसँगै भारतमा क्यानाडाली कूटनीतिज्ञहरू कटौती गर्न आहवान गरेको छ ।



हार्दिक मङ्गलमय शुभकामना



विजया दशमी, शुभ दीपावली र छठ पर्वको अवसरमा सम्पूर्ण देश-विदेशमा छरिएर रहेका नेपालीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।



श्रीकान्तप्रसाद यादव
(अध्यक्ष)



बबिता सिंह
(उपाध्यक्ष)



कृष्णानन्दन राय
प्रमुख प्रशासकीय अधिकृत

जगरनाथपुर गाउँपालिका परिवार
गाउँकार्यपालिकाको कार्यालय
पर्सा, मधेस प्रदेश


## डुङ्गाको तीव्र गतिका कारण उत्तर एटलान्टिकमा पाइने 'राइट ह्वेल' खतरामा

अमेरिकाको पूर्वी तटमा रहेका अधिकांश ठूला डुङ्गाहरू उत्तर एटलान्टिक महासागरमा चल्दा 'राइट ह्वेल'को सुरक्षामा खतरा देखिएको छ ।

करिब ३४० वटा मात्र बाँकी 'राइट ह्वेल'का लागि बनाइएका 'स्लो जोन'मा तीव्र गतिमा गुड्ने डुङ्गाले ठक्कर दिँदा घाइते हुने वा मृत्युसमेत हुनेगरेको रिपोर्ट आएको छ ।

गैरनाफामूलक संस्था ओसियानाद्वारा बिहीवार प्रकाशित डुङ्गाहरूको अनुगमन तथ्याङ्कमा आधारित नयाँ विश्लेषणअनुसार यो प्रजातिलाई लोप हुनबाट जोगाउँन कडा सुरक्षा र अधिक प्रवर्तनको लागि आहवान गरिएको छ ।

ओसियानाका अभियान निर्देशक गिब ब्रोगनले भन्नुभयो, "डुङ्गाहरू तीव्र गतिमा ओहोरदोहोर गरिरहेका र यसले ह्वेलहरू मरिरहेका छन् ।"

ह्वेल प्रजातिका लागि मृत्युको दुई प्रमुख कारणमध्ये माछा मार्ने जाल वा बल्छीसँगै डुङ्गाको ठक्कर पनि एक हो । ठक्करहरूले ह्वेलका शरीरमा लाग्ने चोट वा उनीहरूका पखेटा भाँचिने र असहाय भई मर्ने गरेका रिपोर्टहरू बाहिरिएका छन् ।

सन् २००८ देखि अमेरिकाको 'नेशनल ओशनिक एन्ड एटमोस्फेरिक एडमिनिस्ट्रेसन (एनओएए)' ले ह्वेलको उपस्थिति हुने सम्भावना भएका क्षेत्रमा ६५ फिट (१९.८ मिटर) वा सोभन्दा लामो दूरीका जहाजका लागि गति सीमा तोकेको छ ।

तर, सन् २०२० को नोभेम्बरदेखि सन् २०२२ को जुलाईसम्म ८४ प्रतिशत अनिवार्य क्षेत्र र ८२ प्रतिशत स्वेच्छिक क्षेत्रहुँदै यात्रा गरेको संकलित तथ्याङ्कले देखाएको छ ।

"यो सरकारबाट न्यूनतम जरिवानाको जोखिम र बन्दरगाहमा निर्धारित समयभन्दा आफ्नो कार्गो ढिलो पुग्दा लाग्ने जरिवानालाई जोगाउँनको लागि जहाजले लिने उच्च गतिका कारण 'राइट ह्वेल' असुरक्षित बनेको मछुवाहरूले बताएका छन्," ब्रोगनले एएफपीसँग भन्नुभयो ।

नोभेम्बर २०२१ देखि जुलाई २०२२ सम्म गरिएको गति सीमाभन्दा बढी नौ हजार ३५८ जहाजले यात्राको गतिको सीमा उल्लङ्घन गरेकोमा एनओएएले केवल ४६ वटा जहाजहरूलाई मात्र जरिवाना लगाएको थियो । उनीहरूलाई औसत १५ हजार ६०० अमेरिकी डलर जरिवाना तोकिएको थियो ।

६० फिट (१८ मिटर) लम्बाइसम्म बढ्न सक्ने र मानवसरहको आयु हुने 'राइट ह्वेल'को संख्या कुनै समय २० हजारसम्म पुगेको अनुमान गरिएको छ ।

यो प्रजातिमा पाइने बाक्लो बोसो र प्लास्टिक सहज रूपमा नपाइने समयमा यसको विकल्पका रूपमा प्रयोग गरिने भएकोले ह्वेल शिकारीहरूको छनोट 'राइट व्हेल' नै हुनथ्यो किनकि यसबाट उनीहरूले मनग्गे पैसा कमाउँथे ।

बसौं शताब्दीको मध्यसम्ममा उत्तरी एटलान्टिक महासागरमा राइट ह्वेलको व्यावसायिक शिकारमा प्रतिबन्ध लगाइएको थियो, जसले गर्दा सन् २०१० सम्ममा उनीहरूको संख्यामा ४८३ पुगेको थियो । तथापि, सन् २०१७ देखि तिनीहरूले 'असामान्य मृत्युदर' अनुभव गरिरहेका छन् ।

गत फेब्रुअरीमा मध्य एटलान्टिक भर्जिनिया तटमा २० वर्षीय एक युवा ह्वेलको मेरूदण्ड भाँचिएको अवस्थामा समुद्रमा डुबेर मृत्यु भएको थियो ।

जनसंख्या पहिले देखि नै यति कम भएकोले, थोरै मृत्युले पनि उनीहरूको संख्यामा नकारात्मक असर देखिन सक्छ ।

ह्वेलको बच्चा जन्माउने दर पनि आमाहरूमा दीर्घकालीन तनावको परिणामस्वरूप कम भएको छ, र जलवायु परिवर्तनको परिणामस्वरूप उनीहरूको परम्परागत खाना सङ्कलनका लागि डुल्ने आधारहरू परिवर्तन भइरहेका छन् ।

ओसियानाको रिपोर्टले ह्वेलको हालको वितरणलाई प्रतिबिम्बित गर्न ढिलो-क्षेत्रहरू अद्यावधिक गर्न, स्वैच्छिक गति सीमाको अन्त्य गर्न र ३५ फिट लामो जहाजहरूमा सुरक्षा नियमहरू विस्तार गर्न आहवान गरेको छ ।

ब्रोगनले भन्नुभयो, "'राइट ह्वेल' प्रजातिहरू बचाउन हामीले के गर्न आवश्यक छ थाहा छ । त्यसैले उनीहरूको सुरक्षाका लागि यो उपाय अवलम्बन गर्नु आवश्यक छ र उनीहरूको संख्या बढाउनु आवश्यक छ ।"

## प्रतिग्राम....

सुनको मूल्य साताको अन्तिम कारोवार भएको दिन आज शुक्रवार प्रति १० ग्राम रू ९९ हजार २५ मा पुगेको छ । जुन साताको पहिलो दिनको तुलनामा अन्तिम दिन प्रति १० ग्राम रू दुई हजार एक सय ४५ ले बढी हो।

इजरायल-प्यालेस्टिन द्वन्द्वको प्रभाव र अमेरिकी डलरको विनिमय दरमा भएको वृद्धिका कारण लगानीकर्ता सुरक्षित लगानीका रूपमा सुनतर्फ आकर्षित भएका कारणले सुनको मूल्य वृद्धिमा चाप परेको बताइएको छ ।

दुई साता अघिसम्म निरन्तर बढेको सुनको मूल्य त्यसयता अमेरिकी डलरको विनिमय दर लगभग स्थिर बन्दै गए पछि केही दिन घटेको थियो । द्वन्द्वका कारण कच्चा तेलको मूल्यमा समेत उतारचढाव आई त्यसको प्रभाव सुनको मूल्यमा समेत पर्नसक्ने विश्लेषकको अनुमान छ ।

यस्तै यस साता नेपाली बजारमा चाँदीको मूल्य पनि बढेको छ । साताको पहिलो दिन रू एक हजार एक सय ९२ मा कारोवार भएको चाँदीको मूल्य साताको अन्तिम कारोवार भएको दिन आज शुक्रवार प्रति १० ग्राम रू एक हजार दुई सय पुगेको छ ।


घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
वीरगञ्ज महानगरपालिका कार्यालय

जन्म दर्ता, मृत्युदर्ता, विवाह दर्त सम्बन्ध विच्छेद र व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पर्सागढी नगरपालिका कार्यालय

घरघरमा शौचालय बनाऔं, राष्ट्रिय भियानमा सहयोग पुऱ्याऔं ।
बहुदरमाई नगरपालिका कार्यालय

सडक किनारामा गाईवस्तु नछौडौं, सभ्य नागरिक बनाऔं ।
पोखरिया नगरपालिका कार्यालय

पर्यटकीयस्थलको संरक्षण र प्रचार गरौं, विकासमा जुटौं ।
ठोरी गाउँपालिका कार्यालय

शौचालयको निर्माण गरौं, गाउँलाई खुल्ला दिशामुक्त बनाऔं ।
विन्दवासिनी गाउँपालिका कार्यालय

निर्धारित मापदण्डको पालना गरौं, ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाउँपालिका कार्यालय

# रात्रि बजार सम्पन्न, एक लाखले अनुगमन गरेको दावी

वीरगंज,३कार्तिक:नेपालीहरूको ठूलो पर्वमध्ये एक दसैंको अवसर पारेर वीरगंजमा आयोजित पाँच दिने “रात्रि बजार” सफलतापूर्वक सम्पन्न भएको छ।

कोभिड महामारीले थलिएको अर्थतन्त्रलाई उकास्ने उद्देश्यका साथ वीरगंज महानगरपालिकाले विभिन्न संघ संस्थाहरूसँगको सहकार्यमा यहाँस्थित पूरानो बसपार्कमा असोज २८ गते बडादसैंको पहिलो दिन घटस्थापनादेखि शुरू गरेको पाँच दिने रात्रि बजार बिहीवार सम्पन्न भएको हो । यसअघि महानगरले प्रत्येक महिनाको अन्तिम शुक्रवार र शनिवार गरेर दुई दिनका लागि लगाउँने रात्रि बजार यस पटक दसैंको अवसर पारेर पाँच दिनको लागि लगाइएको वीरगंज महानगरका मेयर राजेशमान सिंहले



बताए । उनले पाँच दिनसम्म चलेको रात्रि बजार झन्डै एक लाख आन्तरिक र बाह्य पर्यटकले अवलोकन गरेको दाबी समेत गरे ।

झन्डै ६० वटा स्टल राखिएको रात्रि बजारमा अवलोकन गर्न आउनेहरूको मनोरञ्जनका लागि खेलकुद सम्बन्धी गतिविधिका साथै विभिन्न सांस्कृतिक एवम् साङ्गीतिक कार्यक्रमको समेत आयोजना गरिएको थियो । स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको बजारमा व्यापार पनि राम्रै भएको व्यवसायीहरूले बताएका छन् ।

रात्री बजारमा वीरगंजसहित पर्सा जिल्लाको अन्य स्थानीय तहदेखि छिमेकी जिल्ला बारा र रौतहटसमेतबाट पर्यटकहरू आएको मेयर सिंहले बताए । ‘सामान्यता १० बजे नै बन्द हुने वीरगंजस्थित नाकालाई पनि रात्रि बजारको अवधिभरि १२ बजेसम्मका लागि खुल्ला गरिएको थियो,’ उनले भने, ‘जसले गर्दा बजारमा भारतीय पर्यटक पनि पुगेका थिए ।’

बजारमा खानाका विशेष परिकार, लत्ताकपडा, कस्मेटिक, भाँडाकुँडा लगायतका सरसामानका स्टल सहित दैनिक उपभोग्य बस्तुहरू समेत राखिएको थियो । बजारमा प्रत्येक दिन देश र भारतबाट आएका कलाकारहरूले समेत आफ्नो प्रस्तुति देखाएका थिए ।

घरेलु तथा साना उद्योग कार्यालय, ग्रिन सिटी सामुदायिक सेवा प्रहरी केन्द्र, नेपाली युवा उद्यम मञ्च (एनवाइईएफ) वीरगंज, वीरगंज साइक्लिङ क्लब, वुमेन्स क्रिएसन र फोरजीआरसँगको समन्वयमा महानगरले रात्री बजारको आयोजना गरेको थियो ।

# एनआरएनए निर्वाचन विवाद : अध्यक्षको परिणाम प्रतिस्पर्धीद्वारा अस्वीकार

काठमाडौं, ३ कात्तिक : गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को अध्यक्षमा बद्री केसी निर्वाचित भए लगत्तै उत्पन्न भएको विवाद समाधान भएको छैन । अध्यक्षमा केसी निर्वाचित भएको परिणाम आज विहान घोषणा भएपछि उहाँका प्रतिस्पर्धीद्वय महेश श्रेष्ठ र आर के शर्माले धाँधली भएको भन्दै उक्त मतपरिणामलाई अस्वीकार गरेका छ। उहाँहरूले आज विज्ञप्ति प्रकाशन गरी अध्यक्ष पदको परिणाम स्वीकार गर्न नसकिने बताउनुभएको हो। “प्रविधिको प्रयोग गरी एनआरएनएको इतिहासमै पहिलो पटक गराइएको निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित हुने हामीले अपेक्षा गरेका थियौँ, तर पूर्वनियोजित रूपमा सेटिङ गरी गरिएको कथित नतिजा घोषणा हामीलाई मान्य छैन”, अध्यक्षका प्रत्यासी श्रेष्ठ र शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

अध्यक्षमा निर्वाचित केसीले एक हजार तीन सय ७८ मत प्राप्त गरेका छ। साथै अध्यक्षका प्रत्यासी आर के शर्माले एक हजार दुई सय ८१ र महेश श्रेष्ठले एक हजार दुई सय २५ मत प्राप्त गरेका घोषणा निर्वाचन समितिले गरेको थियो ।

सङ्घको उपाध्यक्षमा राज रेग्मी, विनोद श्रेष्ठ, हेमराज शर्मा, रोविन शेरचन, रामशरण सिंखडा, खगेन्द्र न्यौपाने निर्वाचित हुनुभएको छ भने महासचिवमा गौरीराज जोशी, उपमहासचिवमा सोम सापकोटा र प्रवीण गुरूङ निर्वाचित हुनुभएको छ।

उपाध्यक्ष पदका उम्मेदवार डा केशव पौडेलको मत शून्य देखाइएको भन्दै नतिजा अस्वीकार गरिएको हो । अष्ट्रेलियामा रहेको कम्पनी भेरोको अनलाइन प्रणाली ह्याक गरी धाँधली गरेको अध्यक्षका दुई प्रत्यासीको आरोप छ ।

# ऊर्जा क्षेत्रको दिगो विकासका लागि योजनाबद्ध प्रयास

काठमाडौं, ३ असोजः ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको ऊर्जा क्षेत्रको दिगो विकासका लागि सरकारले योजनाबद्ध प्रयास अगाडि बढाएको बताउनुभएको छ। एसिया–प्रशान्त क्षेत्रको तेस्रो इनर्जी फोरमलाई आज थाइल्याण्डको राजधानी बैंककमा सम्बोधन गर्दै मन्त्री बस्नेतले आगामी १२ वर्षभित्र थप २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यका साथ नेपाल सरकारले दीर्घकालीन नीति तर्जुमा गरेको बताउनुभयो ।

हाल प्रणालीमा दुई हजार आठ सय मेगावाट बराबरको बिजुली जोडिएको जानकारी दिँदै मन्त्री बस्नेतले नेपालमा नदी प्रवाह, अर्धजलाशय र जलाशयमा आधारित विद्युत आयोजनाको अधिक सम्भाव्यता रहेको तथा सौर्य ऊर्जाको पनि उत्तिकै सम्भाव्यता रहेको जानकारी दिनुभएको मन्त्री बस्नेतको सचिवालयले जनाएको छ ।

नेपालको भौगोलिक विविधताका कारण अफ ग्रिड प्रणालीको आवश्यक भएको उल्लेख गर्दै उहाँले साना र मझौला प्रकृतिका प्रसारण प्रणालीमार्फत नवीकरणीय ऊर्जाको वितरण भइरहेको बताउनुभयो। ऊर्जा सुरक्षालाई नेपालले प्राथमिकतामा राखेको तथा खपत गरेर बचत भएको बिजुलीको व्यापारका लागि सीमापार व्यापारका प्रयासवारे जानकारी दिनुभयो। सरकारले आन्तरिक खपत बढाउनका लागि प्रसारण तथा वितरण लाइनको सुधार, प्रणालीको क्षमता वृद्धि, स्वच्छ ऊर्जा प्रवर्द्धन, स्वदेशी तथा विदेशी सार्वजनिक–निजी लगानी परिचालन गरी उत्पादन, प्रसारण, वितरण तथा व्यापार विस्तार चाहेको बताउनुभयो । साथै उहाँले नेपालको ऊर्जा क्षेत्रमा लगानीका लागि अन्तर्राष्ट्रिय लगानीकर्तालाई आह्वान गर्नुभयो ।

नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको जानकारी दिँदै वातावरणीय सुरक्षाका लागि पनि नवीकरणीय ऊर्जालाई नै प्राथमिकता दिएको बताउनुभयो । नेपालले सन् २०४५ सम्ममा कार्बन उत्सर्जनलाई शून्यमा झार्ने लक्ष्यका साथ काम गरिरहेको बताउनुभयो । उहाँले जलवायु परिवर्तनका असर घटाउन अन्तर्राष्ट्रिय समुदायको साथ र सहयोगको नेपालले अपेक्षा गरेको बताउनुभयो ।

# प्रकृति संरक्षणलाई प्रभावकारी बनाइनुपर्छः वनमन्त्री डा महतो

काठमाडौं, २ कात्तिक : वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले प्रकृति संरक्षण र वन्यजन्तु संरक्षणलाई अझ प्रभावकारी बनाउन तीन वटै तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्य जरूरी भएको बताउनुभएको छ ।

ललितपुरमा आज आयोजित राष्ट्रिय प्रकृति संरक्षण कोषको ४१औँ वार्षिकोत्सव समारोहमा मन्त्री डा महतले वातावरण, प्रकृति र वन्यजन्तु संरक्षणमा कोषले खेलिरहेको भूमिकालाई थप प्रभावकारी बनाउन मन्त्रालयले तीन तहका सरकारसँगको समन्वयमा आवश्यक कार्ययोजना अघि बढाउनेमा विश्वास व्यक्त गर्नुभयो ।

“वातावरण र प्रकृति संरक्षण तथा वन्यजन्तु व्यवस्थापनमा कोषले मन्त्रालयसँग मिलेर प्रभावकारी काम गरिरहेको छ”, वनमन्त्री महतोले भन्नुभयो, “संरक्षणको माध्यमबाट नेपाललाई विश्वभर परिचित गराउन कोषले महत्त्वपूर्ण भूमिका खेलेको छ, अझै धेरै काम गर्न बाँकी छ। तीन तहको सरकारसँग समन्वय गरेर संरक्षणलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन योजनाबद्ध कार्यक्रम अघि बढाउन जरूरी छ।”

मन्त्री महतोले प्राकृतिक, जैविक विविधताको संरक्षका साथै वन्यजन्तु संरक्षण गर्दै त्यसलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सबै सक्रिय भएर लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “संरक्षित क्षेत्र र संसारमा नभएका जीवजन्तु हामीसँग छन् यी पर्यटनका आधार हुन्। विभिन्न मुलुकबाट वन्यजन्तु हेर्न पर्यटक नेपाल आउने गरेका छन्। यसबाट मुलुकको आर्थिक समृद्धिमा पनि टेवा पुगेको छ।”

मन्त्री महतोले मुख्य चुनौतीका रूपमा रहेको वन्यजन्तु र मानवबीचको द्वन्द्व व्यवस्थापन गर्दै यसलाई संरक्षित र सुरक्षित बनाउन जरूरी रहेको उल्लेख गर्नुभयो ।

ललितपुर महानगरपालिकाका नगरप्रमुख चिरिबाबु महर्जनले सदर चिडियाखाना जावलाखेलमा ज्येष्ठ नागरिक र बालबालिकालाई भ्रमणका लागि महानगरले ‘सटल’ बसको व्यवस्था गर्न लागेको जानकारी दिनुभयो । सदर चिडियाखानाको व्यवस्थापन र वन्यजन्तुको संरक्षणमा महानगरले सहकार्य गरिरहेको र आगामी दिनमा यसलाई फराकिलो बनाएर लैजाने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा मुख्यसचिव डा वैकुण्ठ अर्यालले प्रकृति संरक्षणलाई प्रभावकारी बनाउन तीन तहका सरकारबीचको समन्वय र सहकार्य जरूरी भएको उल्लेख गर्नुभयो। उहाँले जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्दै संरक्षणको कामलाई आधुनिक र वैज्ञानिक तवरले अगाडि बढाइनुपर्नेमा जोड दिनुभयो ।

कोषका सदस्यसचिव डा कृष्णप्रसाद ओलीले जैविक विविधता र वन्यजन्तु संरक्षण गर्दै प्रकृतिमा आधारित पर्यटन प्रवर्द्धनमा कोषले भूमिका खेलेको उल्लेख गर्नुभयो । कोषका सदस्यसचिव शरदचन्द्र अधिकारीले जैविक विविधताको संरक्षण र वन्यजन्तु संरक्षणमा कोषले स्थापनाकालदेखि महत्त्वपूर्ण रहेको छ।

हार्दिक मङ्गलमय शुभकामना



विजया दशमी, शुभ दीपावली र छठ पर्वको अवसरमा सम्पूर्ण देश-विदेशमा छरिएर रहेका नेपालीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।



दिनेशकुमार चौधरी
(अध्यक्ष)



ममता महतो
(उपाध्यक्ष)



सन्देश यादव
प्रमुख प्रशासकीय अधिकृत

पटेर्वासुगौली गाउँपालिका परिवार
गाउँकार्यपालिकाको कार्यालय
पर्सा, मधेस प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दैवि प्रकोपबाट बच्न समयमै सतर्कता अपनाऔं । | वातावरण जोगाऔं, दिर्घ जीवनमा जुटौं । | गरिबी हटाऔं, दिगो कृषि विकासको निम्ती जुटौं । | स्वरोजगार बनौं, गरिबी हटाऔं । | छुवाछुत विरुद्ध जुटौं,सबै क्षेत्रमा समानता दिलाऔं । | पारदर्शी बनौं भ्रष्टचार रोकौं । | बेटी पढाऔं बेटी बचाऔं । |
| सखुवाप्रसौनी गाउँपालिका कार्यालय | छिपहरमाई गाउँपालिका कार्यालय | जगरनाथपुर गाउँपालिका कार्यालय | कालिकामाई गाउँपालिका कार्यालय | धोबिनी गाउँपालिका कार्यालय | पकाहामैनपुर गाउँपालिका कार्यालय | पर्टेवा सुगौली गाउँपालिका कार्यालय |